"कृषि, पर्यटन, पूर्वाधार र रोजगारी : समृद्ध चिङ्गाड हाम्रो जिम्मेवारी"

# चिङ्गाड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अवलचिङ्ग,सुर्खेत,कर्णाली प्रदेश, नेपाल

पत्र सं:२०८०/०८१
च.नं.:

मिति:२०८०/१०/०९

## गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरि पेश गर्ने सम्बन्धी सूचना !

प्रस्तुत विषयमा यस गाउँ कार्यपालिकाको मिति २०८०।१०।०८ गतेको बैठकको निर्णयानुसार यस पालिकाको भूगोल, जनजीवन, ऐतिहासिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं अन्य विशिष्ट पहिचान झल्किने गरी प्रतिषपर्धात्मक विधिबाट प्रतिक चिन्ह (लोगो) निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ गाउँपालिकाको लोगो निर्माण गर्न ईच्छुक व्यक्तिले तपसिलका शर्तहरु पालना गर्दै सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र गाउँपालिकाको प्रतिक चिन्ह (लोगो) निर्माण गरी यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

क) लोगोमा गाउँपालिकाको पहिचान, ऐतिहासिकता, जनजीवन, भूगोल, सांस्कृतिक चिनारी एवं विशिष्ट पहिचान झल्कनु पर्नेछ ।

ख) लोगोमा प्रयोग भएका संकेतहरुको संक्षिप्त व्याख्या गर्नुपर्नेछ ।

ग) लोगोमा कुनै पनि जातीय विभेद, साम्प्रदायिकता, सार्वभौमिकता, राष्ट्रिय एकता र अखण्डतामा खलल आउन सक्ने संकेत प्रयोग गर्न पाइने छैन ।

घ) लोगो कम्तिमा ३०० dpi resolution भएको JPEG,PNG Format मा हुनुपर्नेछ ।

ङ) लोगो अन्यत्रबाट नक्कल नगरिएको र मौलिक हुनुपर्नेछ ।

च) लोगोको स्वीकृति सम्बन्धी सम्पूर्ण अधिकार गाउँ कार्यपालिकामा रहनेछ । स्वीकृत लोगोको सर्वाधिकार गाउँपालिकामा रहनेछ र डिजाइन कर्ताले अन्यत्र प्रयोग गर्न पाइने छैन ।

छ) छनौट समितिले आवश्यक ठानेमा डिजाइनकर्ताले पेश गरेको लोगोमा सामान्य परिमार्जन गर्न लगाई स्वीकृत गर्न सक्नेछ ।

ज) छनौट भएको लोगोको डिजाइनकर्तालाई रु ३०,००० (अक्षरुपीः तीस हजार) प्रदान गरिनेछ ।

झ) प्रस्तावित लोगोको डिजाइन तोकिएको म्याद भित्र Hard Copy र Soft Copy पेश गर्दा अनिवार्य रुपमा डिजाईकर्ताले आफ्नो नागरिकताको छाँयाप्रति पेश गर्नुपर्नेछ ।

ञ) लोगो निर्माण गर्दा नेपाल सरकारको निशान छापको मापदण्ड बमोजिम निर्माण गर्नुपर्नेछ ।

समिक्षा सोमै
प्रमुख प्रशासकीय अधिकृत